# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ प्रकाशन मितिः २०७८/०३/२५

## भाग १

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँसभाले बनाएको तपसिलमा लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## विनियोजन ऐन, २०७८

आर्थिक वर्ष २०७८/०७९ मा त्रिवेणी गाउँपालिकाको सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**गाउँसभाबाट स्वीकृत मिति : २०७८/०३/१०**

**प्रमाणीकरण मिति : २०७८/०३/१८**

**प्रस्तावनाः**

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "त्रिवेणी गाउँपालकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकमसमेत गरी जम्मा रकम रु. २२,०५,२५,३७६। (अक्षेरुपी बाइस करोड पाँच लाख पच्चिस हजार तीन सय छयहत्तरमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५** प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५** प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

# अनुसूची १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ७९७५६.३७६ | - | - | ७९७५६.३७६ |
| २ | | सबै वडा समिति | - | २८५५५.८ | - | २८५५५.८ |
| ३ | | विषयगत शाखा | - | ११२२१३.२ | - | ११२२१३.२ |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी/ऋण | - | - | - | - |

आज्ञाले,

निम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत